संघीय संसद
संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

२०७६/०१/०४ गते, बुधवार ।

# ४६ औं बैठकको निर्णय

१.समितिको आजको बैठकमा छलफलका लागि आमन्त्रित निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र राष्ट्रिय समावेशी आयोगको सदस्य पदमा प्रस्तावित क्रमश: श्री दिनेश कुमार थपलिया र श्री विष्णुमाया ओझासँग प्रस्तावित पदका सम्बन्धमा योग्यता, अनुभव, अवधारणा तथा कार्ययोजनाका सम्बन्धमा छलफल भयो ।

२.संवैधानिक परिषद्बाट निर्वाचन आयोगको प्रमुर्खा नर्वाचन आयुक्त र राष्ट्रिय समावेशी आयोगको सदस्यको पदमा नियुक्तिको लागि क्रमश:श्री दिनेश कुमार थपलिया र श्री विष्णुमाया ओझालाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाईएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरु योग्यता, क्षमता र अनुभवको आधारमा प्रस्तावित पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उल्लेखित पदका लागि प्रस्तावित क्रमश: श्री दिनेश कुमार थपलिया र श्री विष्णुमाया ओझाको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय भयो ।

३.संवैधानिक परिषद्ले प्रधान न्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनु भन्दा एक महिना अगावै नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ भन्ने नेपालको संविधानको धारा २८४ को उपधारा ३ को व्यवस्था कार्यान्वयन गर्न संवैधानिक परिषद्को ध्यानाकर्षण गराउने निर्णय गरियो ।